# ट्रेड यूनियन ऐन, २०४९

लालमोहर र प्रकाशन मिति

२०४९।८।११।५

संशोधन गर्ने ऐन

१. ट्रेड यूनियन (पहिलो संशोधन) ऐन, २०५५ — २०५५।१२।१७

प्रमाणीकरण र प्रकाशन मिति

२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ — २०६६।१०।०७

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ — २०७२।११।१३

**२०४९ सालको ऐन नं. ३७**

⏭……………..

**ट्रेड यूनियनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः ♣प्रतिष्ठान र प्रतिष्ठानबाहिर विभिन्न उद्योग, व्यापार, व्यावसाय वा सेवामा काम गर्ने कामदार तथा स्वरोजगार गर्ने व्यक्तिहरुको व्यावसायिक तथा पेशागत हक हितलाई संरक्षण र सम्वर्द्धन गर्नको लागि टेड्र यूनियनको दर्ता, सञ्चालन र तत्सम्बन्धी अन्य आवश्यक व्यवस्था गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "टेड्र यूनियन ऐन, २०४९" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।●

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
♣ पहिलो संशोधनद्वारा संशोधित ।
● यो ऐन मिति २०५०।७।२ देखि प्रारम्भ हुने गरी तोकिएको (नेपाल राजपत्र मिति २०५०।७।२) ।

(क) "प्रतिष्ठान" भन्नाले श्रम ऐन, २०४८ को दफा २ को खण्ड (ख) बमोजिमको प्रतिष्ठान सम्झनु पर्छ ।

♣(ख) "कामदार" भन्नाले प्रतिष्ठानमा र प्रतिष्ठानबाहिर विभिन्न उद्योग, व्यापार, व्यवसाय वा सेवामा कार्यरत स्थायी, अस्थायी, करार, दैनिक ज्यालादारी, पिसरेट, ठेक्कामा वा त्यस अन्तर्गत काम गर्ने कामदार तथा कृषि श्रमिक सम्झनु पर्छ र सो शब्दले प्रतिष्ठानको व्यवस्थापक तथा प्रबन्धक तह र त्यसको विभाग, शाखा, उपशाखा तथा इकाईको प्रमुख भई काम गर्ने कर्मचारी बाहेक अन्य कर्मचारी र स्वरोजगार गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

±(ख१) "कृषि श्रमिक" भन्नाले कृषि क्षेत्रमा ज्याला, बनी गरी जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "व्यवस्थापक" भन्नाले श्रम ऐन, २०४८ को दफा २ को खण्ड (च) बमोजिमको व्यवस्थापक सम्झनु पर्छ ।

(घ) "टेड्र यूनियन" भन्नाले कामदारहरुको पेशागत हक हितको संरक्षण र सम्वर्द्धन गर्न यस ऐन बमोजिम दर्ता भएको प्रतिष्ठान स्तरको टेड्र यूनियन सम्झनु पर्छ र सो शब्दले टेड्र यूनियन संघ तथा टेड्र यूनियन महासंघलाई समेत जनाउँछ ।

(ङ) "प्रतिष्ठानस्तरको टेड्र यूनियन" भन्नाले दफा ३ बमोजिम दर्ता भएको प्रतिष्ठानस्तरको टेड्र यूनियन सम्झनु पर्छ ।

(च) "टेड्र यूनियन संघ" भन्नाले दफा ४ बमोजिम दर्ता भएको टेड्र यूनियन संघ सम्झनु पर्छ ।

(छ) "टेड्र यूनियन महासंघ" भन्नाले दफा ५ बमोजिम दर्ता भएको टेड्र यूनियन महासंघ सम्झनु पर्छ ।

(ज) "आधिकारिक टेड्र यूनियन" भन्नाले कामदारहरुको हक हितको संरक्षण गर्नको लागि व्यवस्थापकसित सामूहिक सौदावाजी गर्न दफा ११ बमोजिम मान्यता प्राप्त गरेको प्रतिष्ठान स्तरको टेड्र यूनियन सम्झनु पर्छ ।

(झ) "कार्य समिति" भन्नाले ट्रेड यूनियनको विधान बमोजिम गठित कार्य समिति सम्झनु पर्छ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

± पहिलो संशोधनद्वारा थप ।

(ञ) “सदस्य” भन्नाले प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सदस्यता लिएको सम्बन्धित प्रतिष्ठानको कामदार सम्झनु पर्छ ।

(ट) “पदाधिकारी” भन्नाले कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, महा-सचिव, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ र सो शब्दले कार्य समितिको सदस्यलाई समेत जनाउँछ ।

(ठ) “पञ्जिकाधिकारी” भन्नाले दफा १४ बमोजिम नियुक्त पञ्जिकाधिकारी सम्झनु पर्छ र सो शब्दले पञ्जिकाधिकारीको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीलाई समेत जनाउँछ ।

(ड) “दर्ता किताब” भन्नाले ट्रेड यूनियन दर्ता गर्न दफा १६ बमोजिम खडा गरेको दर्ता किताब सम्झनु पर्छ ।

(ढ) “श्रम अदालत” भन्नाले श्रम ऐन, २०४८ अन्तर्गतको श्रम अदालत सम्झनु पर्छ ।

(ण) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## ट्रेड यूनियनको दर्ता

३. **प्रतिष्ठानस्तरको ट्रेड यूनियनको दर्ता** : (१) सम्बन्धित प्रतिष्ठानका कामदारहरुले आफनो पेशागत हक हितको संरक्षण र सम्वर्द्धन गर्न प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरुको गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले कम्तीमा दश जना सदस्यहरुको हस्ताक्षर गराई सो ट्रेड यूनियनको विधान र तोकिएको दस्तूर संलग्न राखी तोकिएको विवरण सहित तोकिए बमोजिमको ढाँचामा पञ्जिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको दरखास्त उपर पञ्जिकाधिकारीले दर्ताको लागि रीत पुगे नपुगेको हेरी दरखास्त परेको मितिले वा दफा ६ बमोजिम थप विवरण मागिएकोमा त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो ट्रेड यूनियन दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रतिष्ठानको कम्तीमा पच्चीस प्रतिशत कामदारहरु सदस्य नभएको प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई दर्ता गरिने छैन ।

(५) कुनै पनि कामदार एकै समयमा एकभन्दा बढी प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सदस्य हुन सक्ने छैन ।

४. **ट्रेड यूनियन संघको दर्ता** : (१) कम्तीमा पचास वटा प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरुले वा ±प्रत्येक जिल्लाबाट एकसय जना पर्ने गरी कम्तीमा बीस जिल्लाका पाँचहजार कृषि श्रमिकले वा एकै प्रकृतिको प्रतिष्ठानका कम्तीमा पाँचहजार कामदारहरुले आपसमा सम्झौता गरी ट्रेड यूनियन संघ गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रतिष्ठान बाहिरका एकै प्रकृतिका ♣उद्योग, व्यापार व्यवसाय वा सेवाका काम गर्ने कम्तीमा पाँचसय जना कामदार वा स्वरोजगारहरुले पनि आपसमा सम्झौता गरी ट्रेड यूनियन संघ गठन गर्न सक्नेछन् ।

±तर दफा ५ बमोजिम महासंघ गठन गर्ने प्रयोजनको लागि यस उपदफा अन्तर्गत गठित संघहरु बढीमा चार वटालाई मात्र गणना गरिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठित ट्रेड यूनियन संघ दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले त्यस्तो ट्रेड यूनियनहरुले आपसमा गरेको सम्झौताको प्रतिलिपि, ट्रेड यूनियन संघको विधान र तोकिएको दस्तूर समेत संलग्न राखी तोकिएको विवरण सहित तोकिए बमोजिमको ढाँचामा पञ्जिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्त उपर पञ्जिकाधिकारीले दर्ताको लागि रीत पुगे नपुगेको हेरी दरखास्त परेको मितिले वा दफा ६ बमोजिम थप विवरण मागिएकोमा त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो ट्रेड यूनियन संघ दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि प्रतिष्ठानस्तरको ट्रेड यूनियन एकै समयमा एक भन्दा बढी ट्रेड यूनियन संघको सदस्य हुन सक्ने छैन र कुनै एउटा ट्रेड यूनियन संघमा एउटै प्रतिष्ठानका एक भन्दा बढी प्रतिष्ठानस्तरको ट्रेड यूनियन सदस्य हुन पाउने छैन ।

± पहिलो संशोधनद्वारा थप ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

(६) उपदफा (४) बमोजिम ट्रेड यूनियन संघ दर्ता भएपछि त्यस्तो ट्रेड यूनियन संघको सदस्य संख्या दश प्रतिशतसम्म कम हुन गएमा पनि त्यस्तो ट्रेड यूनियन संघको दर्ता एक वर्षसम्म कायम रहनेछ ।

५. **ट्रेड यूनियन महासंघको दर्ता** : (१) कम्तीमा दश वटा ट्रेड यूनियन संघहरुले आपसमा सम्झौता गरी ट्रेड यूनियन महासंघ गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित ट्रेड यूनियन महासंघ दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले ट्रेड यूनियन संघहरुले आपसमा गरेको सम्झौताको प्रतिलिपि, ट्रेड यूनियन महासंघको विधान र तोकिएको दस्तूर समेत संलग्न राखी तोकिएको विवरण सहित तोकिए बमोजिमको ढाँचामा पञ्जिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको दरखास्त उपर पञ्जिकाधिकारीले दर्ताको लागि रीत पुगे नपुगेको हेरी दरखास्त परेको मितिले वा दफा ६ बमोजिम थप विवरण मागिएकोमा त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो ट्रेड यूनियन महासंघ दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि ट्रेड यूनियन संघ एकै समयमा एक भन्दा बढी ट्रेड यूनियन महासंघको सदस्य हुन सक्ने छैन ।

(५) उपदफा (३) बमोजिम ट्रेड यूनियन महासंघ दर्ता भएपछि त्यस्तो ट्रेड यूनियन महासंघको सदस्य संख्या दश प्रतिशत सम्म कम हुन गएमा पनि त्यस्तो ट्रेड यूनियन महासंघको दर्ता एक वर्षसम्म कायम रहनेछ ।

६. **थप विवरण माग्न सक्ने** : (१) पञ्जिकाधिकारीले ट्रेड यूनियनको दर्ताको सम्बन्धमा थप विवरण आवश्यक देखेमा ट्रेड यूनियन दर्ताको लागि दरखास्त परेको मितिले सात दिनभित्र आवश्यक देखिएको विवरण माग्न सक्नेछ ।

(२) दफा ३, ४, र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम मागिएको विवरणहरु प्राप्त नभएसम्म कुनै पनि ट्रेड यूनियन दर्ता हुने छैन ।

७. **दर्ता गर्न इन्कार गर्न सकिने** : पञ्जिकाधिकारीले देहायका अवस्थामा ट्रेड यूनियन दर्ता गर्न इन्कार गर्न सक्नेछ :-

(क) दरखास्तसाथ आवश्यक विवरणहरु संलग्न नभएमा,

(ख) सम्बन्धित प्रतिष्ठानको कम्तीमा २५ प्रतिशत कामदार सदस्य नभएको प्रतिष्ठानस्तरको ट्रेड यूनियन भएमा,

(ग) ट्रेड यूनियनको नाम पहिले दर्ता भएको कुनै ट्रेड यूनियनको नामसंग मिल्ने भएमा,

(घ) ट्रेड यूनियनको विधानमा दफा १० मा लेखिएको विवरणहरु समावेश नगरिएको भएमा ।

±७क. ट्रेड यूनियनको नवीकरण : (१) प्रतिष्ठान स्तरको ट्रेड यूनियन प्रत्येक दुई वर्षमा र ट्रेड यूनियन संघ तथा ट्रेड यूनियन महासंघ प्रत्येक चार वर्षमा नवीकरण गर्नु पर्नेछ ।

(२) ट्रेड यूनियनको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## ट्रेड यूनियनको सञ्चालन, व्यवस्था र मान्यता

८. **स्वशासित र संगठित संस्था हुने** : (१) ट्रेड यूनियन अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) ट्रेड यूनियनको काम कारवाहीको निमित्त आफनो एउटा छुट्टै छाप हुनेछ ।

(३) ट्रेड यूनियनले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) ट्रेड यूनियनले व्यक्ति सरह आफनो नामबाट नालिस उजूर गर्न र ट्रेड यूनियन उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

९. **उद्देश्य** : (१) ट्रेड यूनियनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कामदारहरुको कामको अवस्थामा सुधार गरी तिनीहरुको आर्थिक र सामाजिक समुन्नतिको लागि कार्यरत रहने,

(ख) कामदार र व्यवस्थापक बीच राम्रो सम्बन्ध राख्न प्रयत्न गर्ने,

(ग) प्रतिष्ठानको उत्पादकत्वमा बृद्धि गरी प्रतिष्ठानको विकास गर्नमा सघाउ पुऱ्याउने,

(घ) कामदारहरुलाई कर्तव्यनिष्ठ र अनुशासित बनाउन प्रयत्नशील रहने ।

(२) उपदफा (१) मा लेखिएका उद्देश्यहरुका अतिरिक्त ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कामदारहरुलाई शिक्षा दिने सम्बन्धमा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) कामदारहरुको हितको निमित्त अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सम्पर्क कायम राख्ने,

± पहिलो संशोधनद्वारा थप ।

(ग) श्रम नीति तर्जुमा गर्ने सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श प्रदान गर्ने,

(घ) कामदारहरुको सामाजिक एवं आर्थिक स्तरको विकास गर्न आवश्यक कार्यशाला, गोष्ठी, सेमिनार आदि सञ्चालन गरी कामदारहरुलाई उपयोगी हुने तथ्यहरु प्रकाशन गर्ने,

(ङ) कामदारहरुको हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा नेपाल सरकारसंग वार्ता गर्ने र प्रचलित कानूनको अधीनमा रही अन्य आवश्यक उपायहरु अपनाउने ।

±९क. **ट्रेड यूनियनको काम, कर्तव्य र अधिकार** : ट्रेड यूनियनको आफनो विधानमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त ट्रेड यूनियनको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् :-

(क) दफा ९ को उपदफा (१) बमोजिमको ट्रेड यूनियनको उद्देश्य प्राप्तिको लागि आवश्यक काम कारबाही तथा कार्यक्रमहरुको संचालन गर्ने गराउने,

(ख) प्रतिष्ठान स्तरको आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा आफना सदस्यहरुलाई भाग लिन लगाउने,

(ग) प्रतिस्ठान स्तरको आधिकारिक ट्रेड यूनियनको निर्णयहरु प्रतिस्ठानको कामदारहरुलाई पालना गर्न लगाउने ।

± ९ख. **ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको काम, कर्तव्य र अधिकार** : ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको आफनो विधानमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ९ को उपदफा (२) बमोजिमको ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको उद्देश्य प्राप्तिको लागि आवश्यक काम, कारबाही तथा कार्यक्रमहरुको संचालन गर्ने गराउने,

(ख) ट्रेड यूनियन संघ तथा ट्रेड यूनियन महासंघको निर्वाचनमा आफना सदस्यहरुलाई भाग लिन लगाउने,

(ग) ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको निर्णयहरु आफना सदस्यहरुलाई पालना गर्न लगाउने,

± पहिलो संशोधनद्वारा थप ।

(घ) महत्वपूर्ण र राष्ट्रिय स्तरका श्रम विवाद सम्बन्धी नीतिगत विषयहरुमा सम्पूर्ण कामदारहरुको प्रतिनिधित्व गर्दै नेपाल सरकार, विभिन्न प्रकारका व्यवसायिक संघ तथा महासंघ तथा प्रतिष्ठानहरुसंग वार्ता गरी श्रम विवाद सुल्झाउन आवश्यक उपायको अवलम्बन गर्ने,

(ङ) प्रतिष्ठान स्तरको ट्रेड यूनियनको तर्फबाट सम्बन्धित प्रतिष्ठान तथा व्यवस्थापकहरुसंग वार्ता गर्ने,

(च) कामदारहरुको हित तथा कल्याणको लागि विभिन्न प्रकारका कोषको स्थापना तथा संचालन गर्ने,

(छ) कामदार तथा ट्रेड यूनियन प्रति गरिएको उत्पीडनका तथ्यहरु सार्वजनिक गराउने र त्यसको लागि सम्बन्धित प्रतिष्ठानलाई आवश्यकतानुसार सचेत गराउने ।

१०. **विधान** : (१) ट्रेड यूनियनको विधानमा देहायका विवरणहरु समावेश गरिएको हुनु पर्नेछ :-

(क) ट्रेड यूनियनको नाम र ठेगाना,

(ख) ट्रेड यूनियन स्थापना गर्नुको उद्देश्य,

(ग) कार्य समितिको गठन विधि र कार्य अवधि बढीमा चार वर्ष हुने,

(घ) साधारण सदस्यता, पदाधिकारीहरुको संख्या र तिनीहरुको निर्वाचन प्रकृया,

(ङ) एक वर्ष अविच्छिन्न सेवा गरेको र नेपाली नागरिक कामदार मात्र पदाधिकारीमा निर्वाचित हुन सक्ने व्यवस्था,

(च) ट्रेड यूनियनको कोष र त्यसको लेखा परीक्षण सम्बन्धी व्यवस्था,

(छ) ट्रेड यूनियनको हिसाब किताबको जाँचबुझ तथा निरीक्षण सम्बन्धी व्यवस्था,

(ज) पदाधिकारीहरुको विरुद्धमा अविश्वासको प्रस्ताव ल्याउन सक्ने व्यवस्था,

(झ) ट्रेड यूनियनको साधारण सभा र कार्य समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी व्यवस्था,

(ञ) ट्रेड यूनियनको विधान संशोधन प्रकृया,

(ट) ट्रेड यूनियन विघटन सम्बन्धी व्यवस्था,

(ठ) ट्रेड यूनियन विघटन भएपछि ट्रेड यूनियनको सम्पत्ति र दायित्व सम्बन्धी व्यवस्था ।

नेपाल कानून आयोग

(२) ट्रेड यूनियनको विधानमा कुनै किसिमको संशोधन गरिएमा त्यसरी संशोधन गरिएको पैंतीस दिनभित्र सम्बन्धित ♣ट्रेड यूनियनहरुले त्यस्तो संशोधनको प्रति संलग्न राखी सो कुराको जानकारी पञ्जिकाधिकारीलाई दिनु पर्नेछ र निज पञ्जिकाधिकारीबाट सो को स्वीकृति समेत लिनु पर्नेछ ।

११. **आधिकारिक ट्रेड यूनियनको मान्यता** : (१) आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा सम्बन्धित प्रतिष्ठानको कामदारहरुको बहुमत प्राप्त गर्ने प्रतिष्ठानस्तरको ट्रेड यूनियन कामदारहरुको तर्फबाट व्यवस्थापकसंग सामूहिक सौदावाजी गर्न मान्यता प्राप्त आधिकारिक ट्रेड यूनियन मानिनेछ ।

±(१क) कुनै प्रतिष्ठानमा एउटा मात्र ट्रेड युनियन दर्ता भएकोमा सो भएको मितिले तीन महिनाभित्र अर्को ट्रेड यूनियन दर्ता नभएमा पहिले दर्ता भएको ट्रेड यूनियनलाई नै आधिकारिक ट्रेड यूनियनको रुपमा मान्यता दिइनेछ ।

±(१ख) उपदफा (१क) बमोजिमको तीन महिनाको समायावधि गणना गर्दा यो ऐन प्रारम्भ भएको मितिदेखि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मान्यता प्राप्त आधिकारिक ट्रेड यूनियनले त्यसरी मान्यता प्राप्त गरेको मितिले पैंतीस दिनभित्र सो कुराको लिखित सूचना पञ्जिकाधिकारी र व्यवस्थापकलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएको मितिले पन्ध्र दिनभित्र पञ्जिकाधिकारीले तोकिए बमोजिम आधिकारिक ट्रेड यूनियनको प्रमाणपत्र दिनु पर्नेछ ।

±(४) अधिकारिक ट्रेड युनियनको निर्वाचन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. **माग दाबी प्रस्तुत गर्ने** : (१) श्रम ऐन, २०४८ को दफा ७४ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आधिकारिक ट्रेड यूनियनको कार्य समितिले कामदारहरुको तर्फबाट सामूहिक सौदावाजी गर्न तोकिएको संख्यामा आफना प्रतिनिधिहरुको नाम खुलाई लिखित रुपमा व्यवस्थापक समक्ष माग दाबी प्रस्तुत गर्न सक्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

± पहिलो संशोधनद्वारा थप ।

(२) श्रम ऐन, २०४८ को दफा ७६ मा लेखिएको प्रकृया पूरा नगरी आधिकारीक ट्रेड यूनियनले प्रतिष्ठानमा हडताल गर्ने वा त्यसलाई सघाउ पुऱ्याउने किसिमका कुनै पनि काम गर्न हुँदैन ।

१३. **आधिकारिक ट्रेड यूनियनको मान्यतावधि** : दफा ११ बमोजिम मान्यता प्राप्त गरेको आधिकारिक ट्रेड यूनियनले कामदारहरुको तर्फबाट व्यवस्थापकसंग सामूहिक सौदावाजी गर्न पाउने अवधि सोही दफाको उपदफा (३) बमोजिम पञ्जिकाधिकारीले प्रमाणपत्र दिएको मितिबाट दुई वर्षसम्मको लागि कायम रहनेछ ।

±तर त्यस्तो अधिकारिक ट्रेड यूनियनको दर्ता खारेज भएमा वा त्यस्तो ट्रेड यूनियन विघटन भएमा त्यसरी विघटन भएको मितिले तीन महिनाभित्र अर्को अधिकारिक ट्रेड यूनियनको निर्वाचन गराई सक्नु पर्नेछ

## परिच्छेद-४

## पञ्जिकाधिकारीको नियुक्ति र काम कर्तव्य तथा अधिकार

१४. **पञ्जिकाधिकारीको नियुक्ति** : (१) यस ऐन बमोजिम ट्रेड यूनियन दर्ता गर्नको लागि नेपाल सरकारले आवश्यकतानुसार पञ्जिकाधिकारीहरुको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अन्य कुनै अधिकारीलाई समेत पञ्जिकाधिकारीको अधिकार प्रयोग गर्न पाउने गरी तोक्न सक्नेछ ।

१५. **पञ्जिकाधिकारीको काम, कर्तव्य र अधिकार** : पञ्जिकाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ट्रेड यूनियन दर्ता गर्ने,

(ख) दर्ता भएको ट्रेड यूनियनको विवरण तथा तत्सम्बन्धी अन्य लगतहरु दर्ता किताब खडा गरी अद्यावधिक रुपमा राख्ने,

(ग) ट्रेड यूनियन दर्ता गर्ने सम्बन्धमा आवश्यक देखिएका थप विवरणहरु समेत माग्ने,

(घ) यस ऐन बमोजिम ट्रेड यूनियनले पेश गर्नु पर्ने विवरण, प्रतिवेदन वा अन्य कागजपत्र पेश नगरेमा वा झुट्टा पेश गरेमा आवश्यक कारवाही चलाउने,

(ङ) आधिकारिक ट्रेड यूनियन निर्वाचन गर्ने प्रक्तिया निर्धारण गर्ने ।

---

± पहिलो संशोधनद्वारा थप ।

१६. **दर्ता किताब** : ट्रेड यूनियनको विवरण, लगत इत्यादि अद्यावधिक रुपमा राख्न पञ्जिकाधिकारीले छुट्टै दर्ता किताब खडा गर्नु पर्नेछ ।

## परिच्छेद-५

## कोष र लेखापरीक्षण

१७. **कोष** : (१) ट्रेड यूनियनको आफनो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) सदस्यता शुल्कबाट प्राप्त रकम,

(ख) राष्ट्रिय संघ संस्थाबाट सहयोग वा अनुदान स्वरुप प्राप्त रकम,

(ग) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) ट्रेड यूनियनको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकमहरु नेपाल ⏭............. भित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

१८. **लेखा र लेखापरीक्षण** : (१) ट्रेड यूनियनको लेखा विधानमा उल्लेख भए बमोजिम राख्नु पर्नेछ ।

(२)ट्रेड यूनियनको साधारण सभाले नियुक्त गरेको लेखापरीक्षकद्वारा उपदफा (१) बमोजिम राखिएको लेखाको लेखा परीक्षण हुनेछ ।

## परिच्छेद-६

## विविध

१९. **ट्रेड यूनियनको सम्मिलन** : १सं.(१) दुई वा दुईभन्दा बढी ट्रेड युनियनहरु एउटै ट्रेड यूनियनमा सम्मिलन हुन चाहेमा त्यसरी सम्मिलन हुन चाहने प्रत्येक ट्रेड यूनियनको साधारण सभाको बहुमतले सम्मिलन हुने पक्षमा मतदान गरेमा त्यस्ता ट्रेड यूनियनहरुले आपसमा सम्झौता गरी नयाँ ट्रेड यूनियन गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित नयाँ ⊗........... ट्रेड यूनियन दर्ता गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले सम्मिलन भएका ट्रेड यूनियनहरुले आपसमा गरेको सम्झौताको प्रतिलिपी, त्यस्तो ट्रेड यूनियनको विधान र तोकिएको दस्तूर समेत संलग्न राखी तोकिएको विवरण सहित तोकिए बमोजिमको ढाँचामा पञ्जिकाधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⊗ पहिलो संशोधनद्वारा भिकिएको ।

२०. **नाम परिवर्तनको सूचना** : कुनै ट्रेड यूनियनले आफनो नाम परिवर्तन गरेमा त्यसरी नाम परिवर्तन गरिएको पैंतीस दिनभित्र त्यसको सूचना पञ्जिकाधिकारीलाई दिनु पर्नेछ ।

२१. **नाम परिवर्तन, सम्मिलन वा विलय भएमा त्यसको असर** : (१) कुनै ट्रेड यूनियनको नाम परिवर्तन भएको कारणबाट मात्र त्यस्तो ट्रेड यूनियनले प्राप्त गर्ने अधिकार वा पूरा गर्नु पर्ने दायित्वमा कुनै असर परेको मानिने छैन ।

(२) दुई वा दुई भन्दा बढी ट्रेड यूनियनहरुको एउटै ट्रेड यूनियनमा सम्मिलन भएमा वा एउटा ट्रेड यूनियन अर्को ट्रेड यूनियनमा विलय भएमा त्यस्तो ट्रेड यूनियनले पूरा गर्नु पर्ने दायित्वमा कुनै असर पर्ने छैन ।

♣२२. **करार सम्बन्धी दायित्व पूरा गर्नु पर्ने** : (१) ट्रेड यूनियन आफैले गरेको वा ट्रेड यूनियनको तर्फबाट अधिकार प्राप्त पदाधिकारीले गरेको करारको दायित्व त्यस्तो ट्रेड यूनियन र ट्रेड यूनियनसंग करार गर्ने पक्षले पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ट्रेड यूनियन र प्रतिष्ठान वा व्यवस्थापक बीच भएको करारको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको वा मुद्दा गर्नु पर्ने कारण भएको मितिले तीन महिनाभित्र श्रम अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।

२३. **मुद्दा नचलाइने** : ♣आधिकारिक ट्रेड यूनियन वा त्यस्तो ट्रेड यूनियनको पदाधिकारीले यो ऐन वा श्रम ऐन, २०४८ को प्रकृया पूरा गरी सामूहिक सौदावाजी गर्ने सन्दर्भमा कुनै कार्य गर्दा प्रतिष्ठानलाई कुनै असर पर्न गएको रहेछ भने पनि त्यस कुरालाई लिएर त्यस्तो ट्रेड यूनियन वा पदाधिकारीको विरुद्धमा कुनै पनि अदालतमा मुद्दा चलाइने छैन ।

±२३क. **सरुवा बढुवा नगरिने** : प्रतिष्ठान स्तरका ट्रेड यूनियनका कार्य समितिका पदाधिकारीहरुलाई विशेष परिस्थितिमा बाहेक उनीहरुको सहमति बिना सरुवा वा बढुवा गरिने छैन ।

२४. **वार्षिक विवरण पेश गर्नु पर्ने** :(१) ट्रेड यूनियनले आफनो हिसाब किताबको लेखापरीक्षण गराई सम्पूर्ण सम्पत्ति, ऋण र दायित्व समेत स्पष्ट देखिने गरी प्रत्येक वर्षको वार्षिक विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महीनाभित्र पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

± पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिमको वार्षिक विवरणमा ट्रेड यूनियनको शुल्क तिर्ने सदस्यहरुको कूल संख्या र वर्षभरी फेरवदल भएका पदाधिकारीहरुको विवरण समेत समावेश गरेको हुनु पर्नेछ ।

२५. **दर्ता खारेज** : (१) पञ्जिकाधिकारीले यस ऐन बमोजिम दर्ता भएको ट्रेड यूनियनको दर्ता देहायका अवस्थामा खारेज गर्नु पर्नेछ :-

(क) ट्रेड यूनियनले दर्ता खारेज गर्नको लागि पञ्जिकाधिकारी समक्ष दरखास्त दिएमा,

(ख) ट्रेड यूनियनको दर्ता भूल वा जालसाजीबाट हुन गएको कुरा प्रमाणित भएमा,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी काम कारवाही गरेमा ।

♣(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको अवस्था परी कुनै ट्रेड यूनियनको दर्ता खारेज गर्नु परेमा सम्बन्धित पन्जिकाधिकारीले सम्बन्धित ट्रेड यूनियनलाई त्यसरी ट्रेड यूनियन खारेज गर्नु पर्ने कारण खुलाई स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको सूचना दिनु पर्नेछ ।

±(३) उपदफा (२) बमोजिमको अवधिभित्र सम्बन्धित ट्रेड यूनियनले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक तथा कानूनसम्मत् नभएमा पन्जिकाधिकारीले त्यस्तो ट्रेड यूनियनको दर्ता खारेज गर्न सक्नेछ ।

२६. **ट्रेड यूनियन संघ र महासंघका पदाधिकारी** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघले आÇना कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको क्रमशः दश र पच्चीस प्रतिशतमा नबढ्ने गरी कामदारहरुको हक र हितको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई ट्रेड यूनियन संघ र ट्रेड यूनियन महासंघको पदाधिकारीमा राख्न सक्नेछ ।

±२६क. **ट्रेड यूनियनको प्रतिनिधित्व** : नेपाल सरकारले ट्रेड यूनियनको तर्फबाट प्रतिनिधि मनोनयन गर्दा वा ट्रेड यूनियनबाट प्रतिनिधित्व गराउँदा विषयवस्तुसंग सम्बन्धित ट्रेड यूनियनहरु एकभन्दा बढी भएमा त्यस्तो ट्रेड यूनियनबाट समानुपातिक रुपमा वा आलोपालो गरी मनोनयन वा प्रतिनिधित्व गराउनेछ ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

± पहिलो संशोधनद्वारा थप ।

२७. **ट्रेड यूनियन विघटनको सूचना दिनु पर्ने** : (१) कुनै ट्रेड यूनियनको विधान बमोजिम विघटन गर्नु पर्दा त्यसको कारण खुलाई सम्बन्धित पदाधिकारीले पञ्जिकाधिकारीलाई सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटनको सूचना प्राप्त भएपछि पञ्जिकाधिकारीले त्यस्तो विघटन विधान बमोजिम भए नभएको कुराको जाँचबुझ गरी विधान बमोजिम विघटन भएकोमा मात्र त्यस्तो सूचना दर्ता गर्नु पर्नेछ र त्यसरी सूचना दर्ता भएपछि मात्र त्यस्तो ट्रेड यूनियन विघटन भएको मानिनेछ ।

±२७क. **मुद्दा दायर गर्ने हद म्याद** : यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत भएको कुनै काम कारबाहीको सम्बन्धमा कुनै व्यक्ति उपर मुद्दा चलाउनु परेमा सो काम भए गरेको मितिले वा मुद्दा चलाउनु पर्ने कारण भएको मितिले तीन महिनाभित्र मुद्दा दायर गरिसक्नु पर्नेछ ।

२८. **दण्ड सजाय** : ♣(१) कुनै पदाधिकारी, सदस्य वा ट्रेड यूनियनको कुनै कर्मचारीले ट्रेड यूनियनको वा त्यस्तो ट्रेड यूनियनबाट सन्चालित कोष तथा कार्यक्रमको सम्पत्ति हिनामिना गरेमा वा त्यस्तो सम्पत्तिमा कुनै किसिमको हानी नोक्सानी गरेमा श्रम अदालतले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट त्यसरी हिनामिना वा हानी नोक्सानी भएको रकम बराबरको रकम भराउने आदेशः दिई पाँचहजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम ट्रेड यूनियनको तर्फबाट पेश गर्नु पर्ने विवरण, प्रतिवेदन, सूचना वा अन्य कागजपत्र पेश नगरेमा वा झुट्टा बनाई पेश गरेमा पञ्जिकाधिकारीले सम्बन्धित पदाधिकारीलाई पाँचसय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२९. **पुनरावेदन** : (१) यो ऐन बमोजिम श्रम अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामा ⊕उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) यो ऐन बमोजिम पञ्जिकाधिकारीले गरेको आदेश उपर श्रम अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) श्रम अदालतले शुरु कारवाही र किनारा गरेको वा पञ्जिकाधिकारीले आदेश गरेको मितिले पैंतीस दिनभित्र पुनरावेदन गरी सक्नु पर्नेछ ।

± पहिलो संशोधनद्वारा थप ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

⊕ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

३०. **नेपाल सरकारको विशेषाधिकार** : यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अन्तर्गत गठित ट्रेड यूनियन वा ट्रेड यूनियन संघ वा ट्रेड यूनियन महासंघको काम कारवाहीबाट असाधारण परिस्थिति सृजना भई देशको शान्ति सुरक्षामा खलल पार्न सक्ने देखिएमा वा देशको आर्थिक हितको प्रतिकूल हुने भएमा त्यस्ता काम कारवाहीमा रोक लगाउन नेपाल सरकारले आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।

३१. **नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

नेपाल कानून आयोग

---

द्रष्टव्य : केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-

"श्री ५ सरकार" को सट्टा "नेपाल सरकार" ।